मितिः २०८३/०२/१२

## पशु वधशाला र मासु जाँच ऐन,२०५५ संशोधन गर्न बनेको विधेयकको मस्यौदा उपर राय, सुझाव तथा पृष्ठपोषण सम्बन्धी सूचना

पशु वधशाला र मासु जाँच ऐन, २०५५ लाई संशोधन गर्न बनेको विधेयकको मस्यौदा विधायन ऐन, २०८१ को दफा ६ को उपदफा (२) को प्रयोजनार्थ सर्वसाधारण र सरोकारवालाहरुको राय/सुझावका लागि प्रकाशन गरिएको छ। उक्त मस्यौदा उपर सूचना प्रकाशन भएको मितिले सात (७) दिनभित्र तपसिलमा उल्लिखित ईमेल तथा मन्त्रालयको ठेगानामा राय सुझाव उपलब्ध गराइदिनुहुन अनुरोध छ।

**ईमेल गर्दा लेख्नु पर्ने विषय:** पशु वधशाला र मासु जाँच, २०५५ संशोधन गर्न बनेको विधेयकको मस्यौदामा सुझाव/राय

**ईमेल:** ahd@moald.gov.np

Scanned with CamScanner

नेपाल सरकार
...न तथा पर्यावरण मन्त्रालय
...हदरबार, काठमाडौं

## पशु वधशाला र मासु जाँच, २०५५ संशोधन गर्न वनेको विधेयकको संक्षिप्त विवरण

विधेयकले पशु वधशाला र मासु जाँचको नियमनका विषयमा संघ, प्रदेश र स्थानिय तहको क्षेत्राधिकारलाई प्रष्ट बनाई संविधानको धारा ४४ ले दिईएको गुणस्तरीय वस्तु र सेवा उपभोग सम्बन्धी मौलिक हकको प्रभावकारी कार्यान्वयन हुने अपेक्षा गरेको छ। पशु वधशाला, पशु वधस्थल, मासु विक्रि केन्द्र तथा मासु पसल लगाएतका भौतिक संरचनाहरुको स्थापना, सुधार र स्वच्छ मासु उपभोग सम्बन्धी जनचेतनाका कार्यहरु निजि मासु व्यवसायीबाट समेत हुने र मासु सुपरिवेक्षक तथा मासु निरीक्षकको तालिम र क्षमता विकासका कार्यहरु संघीय र प्रादेशिक तालिम केन्द्रवाट नियमितरुपमा हुदै आएकोले यस विधेयक कार्यन्वयनका लागि सरकारलाई थप आर्थिक दायित्व सृजना हुने देखिदैन। यस विधेयकले स्वस्थ मासुको उपलब्धतालाई बढाउदै दिगो विकासको लक्ष्य नंम्वर ३ लाई कार्यान्वयन गर्न थप मद्दत गर्ने छ। अव्यवस्थित रुपमा संञ्चालनमा आएका पशु वधशाला, वधस्थल र मासु पसलको नियमन भई जलवायु अनुकूलनमा समेत प्रत्यक्ष सहयोग पुग्ने अपेक्षा यस विधेयकले गरिएको छ।

Scanned with CamScanner

श्री नेपाल सरकार
वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

# पशु वधशाला र मासु जाँच ऐन, २०५५ [illegible] संशोधन गर्न बनेको विधेयक

प्रस्तावनाः सर्वसाधारण जनताको स्वास्थ्य र हित कायम राख्न मासु तथा मासुबाट बन्ने खाद्य पदार्थमा मिसावट रोक्न र मासुमा हुने स्वस्थता तथा मासुको स्वाभाविक गुण बिग्रन नदिई उपयुक्त स्तर कायम राख्नको लागि पशु वधशाला स्थापना गर्ने र मासु जाँच गर्ने सम्बन्धमा व्यवस्था गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको सत्ताइसौं वर्षमा संसदले यो ऐन बनाएकोछ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस ऐनको नाम "पशु वधशाला र मासु जाँच (पहिलो संशोधन) ऐन, २०८२" रहेको छ।

२. पशु वधशाला र मासुजाँच ऐन, २०५५ को दफा २ मा संशोधनः पशु वधशाला र मासुजाँच ऐन, २०५५ (यस पछि "मुल ऐन" भनिएको) को दफा २ को,-

(१) खण्ड (क) मा रहेको "वदेल वा" भन्ने शब्दको सट्टा "र माछा" भन्ने शब्दहरु राखिएका छन्।

(२) खण्ड (ख) "मासु" भन्नाले मानिसले खान योग्य अप्रशोधित, अर्धप्रशोधित, प्रशोधित खान योग्य मासु सम्झनु पर्छ।"

(३) खण्ड (छ) पछि देहायको खण्ड (छ१) र (छ२) थपिएको छः-

"(छ१) "विभाग" भन्नाले साधिकार निकायको रुपमा काम गर्ने नेपाल सरकारको पशु सेवा विभाग सम्झनु पर्छ।"

(छ२) "कार्यालय" भन्नाले पशुपन्छी हर्ने प्रदेश सरकारको जिल्ला स्थित कार्यालय सम्झनु पर्छ।"

३. <u>मूल ऐनको दफा ४ मा संशोधनः</u> दफा ४ को सट्टा देहाएको दफा ४ राखिएको छ,-

"४. पशु वधशालाको स्थापना : (१) कुनै पनि सरकारी वा गैर सरकारी व्यक्ती वा संस्थाले वधशालाको स्थापना र सञ्चालन गर्नु पर्दा कार्यालयको ईजाजत लिनु पर्ने छ।

तर निर्यात गर्ने प्रयोजनका लागि स्थापना गरिएका वधशाला र मासु प्रशोधन उद्योगको ईजाजत पत्र विभागले तोके बमोजिम दिने छ।

(२) उपदफा (१) बमोजिम पशु वधशाला स्थापना र सञ्चालनमा पालन गर्नु पर्ने शर्त तथा अपनाउनु पर्ने मापदण्ड तोकिए बमोजिम हुनेछ।"

४. <u>मूल ऐनको दफा ६ मा संशोधनः</u> दफा ६ मा संशोधन,- (१) दफा ६ मा रहेको "प्रदेश सरकार" भन्ने शब्दहरु पछी "वा स्थानिय तह" भन्ने शब्दहरु थप गरिएका छन्।

५. <u>मूल ऐनको दफा ७ मा संशोधनः</u> दफा ७ मा संशोधन,- (१) दफा ७ मा रहेको "प्रदेश सरकार वा स्थानिय तह" भन्ने शब्दहरुको सट्टा "नेपाल सरकार वा प्रदेश सरकार" हटाईएको छ।

६. <u>मूल ऐनको दफा ११ मा संशोधनः</u> दफा ११ मा सँसोधन,- दफा ११ को उपदफा (३) हटाईएको छ।

सचिव

डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

Scanned with CamScanner

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

७. <u>मूल ऐनको दफा १७ मा संशोधन</u>: दफा १७ दण्ड सजाय को सट्टा देहायको दफा राखिएको छ,-

(१) दफा १७ को उपदफा (१) मा भएको "पाँच" र "दश" भन्ने शब्दहरुको सट्ट क्रमश "पच्चीस" र "पचास" शब्दाहरु राखिएका छन।

(२) दफा १७ को उपदफा (२) मा भएको "दश" र "विस" भन्ने शब्दहरुको सट्ट क्रमश "पचास" र "एक लाख" भन्ने शब्दाहरु राखिएका छन।

८. <u>मूल ऐनको दफा २३ मा संशोधन</u>: मूल ऐनको दफा २७ को सट्टा देहायको दफा २३ राखिएको छः-

"२३. <u>नियम बनाउने अधिकार</u>: (१) यस ऐनको कार्यान्वयन गर्न नेपाल सरकारले निम्म विषयमा नियम बनाउन सक्नेछ।

(क) पशु वधशाला, बधस्थल, मासु विक्रि केन्द्र, र मासु प्रशोधन तथा विक्र वितरण सम्वन्धी

(ख) पशु वध अगाडी र पछाडी गरी पशु तथा मासु जाँच सम्बन्धी

(ग) मासु जाँच पछी छाप लगाउने विधि र मासुको गुणस्तर निर्धारण सम्बन्धी

(घ) मासु ढुवानी, मासुको ट्रेसेविलिटि, मासुको गुणस्तर प्रमाणिकरण सम्पन्धी

(ङ) मासु सुपरिवेक्षक र मासु निरीक्षकको पारिश्रमिक सम्वन्धी

(२) यस ऐन वा नियमावलीको कार्यान्वयन गर्न विभागले आवश्यक मापदण्ड, कार्यविधि र निर्देशिका वनाउन सक्नेछ।

(३) यस ऐन सँग नवाझिने गरी प्रदेशले पशु वधशाला र मासु जाँच सम्बन्धि कानून जारी गर्न सक्नेछ।

...-सचिव

डा. राजेन्द्र प्रसाद मिश्र
सचिव



Scanned with CamScanner